# काठमाडौं महानगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

## सुन्धारा, काठमाडौं, वागमती प्रदेश, नेपाल

**सूचनाको हक सम्बन्धी ऐन,२०६४ को दफा ५(३) र सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको सूचना विवरण**

(मिति २०८०।०७।०१ देखि मिति २०८०।०९।२९सम्मको विवरण)

### (१) निकायको स्वरुप र प्रकृतिः

काठमाडौं महानगरपालिका वि.स.१९७६ मा सफाई अड्डाको नामबाट स्थापना भई विभिन्न कालखण्डमा जारी भएका कानुनबमोजिम तोकिएका कार्य जिम्मेवारीहरु पुरा गर्न विभिन्न नामको कार्यालयमार्फत अविछिन्न सेवा प्रवाह गर्दै आएकोमा वि.स. २०५२ साल मंसिर महिना २९ गते महानगरपालिका घोषणा भएको हो । स्थानीय स्वायत्त शासन ऐन, २०५५ हुँदै नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम संघीय संरचना अर्न्तगत स्थानीय सरकारको रुपमा नेपालको संघीय राजधानी काठमाडौंमा अवस्थित नेपालकै जेठो महानगरपालिका काठमाडौं महानगरपालिका हो ।

### (२) निकायको काम, कर्तव्य र अधिकारः

यस महानगरपालिका नेपालको संविधानको अनुसूची-८ मा स्थानीय तहको एकल अधिकारको सूची र अनुसूची-९ मा संघ, प्रदेश र स्थानीय तहको अधिकारको साझा सूची, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, संघ र वाग्मती प्रदेश कानुन बमोजिम स्थानीय तह सम्बन्धी जारी गरिएका ऐन, नियम तथा अन्य कानुनी प्रबन्धहरु, समय समयमा जारी हुने परिपत्रहरु एवं महानगरपालिकाको स्थानीय कानुनहरु (ऐन, नियमावली, कार्यविधी, निर्देशिका, मापदण्ड, मार्गदर्शन) र निर्णयहरु समेतले तोकेबमोजिमको काम, कर्तव्य र अधिकार निर्दिष्ट छ ।

### (३) निकायमा रहने कर्मचारी विवरणः

यस महानगरपालिकामा स्थायी, करार, समायोजन भई आएका, कामकाजमा खटिएका कर्मचारीहरुको संख्या, कर्मचारीको सेवा, समुह, तह समेतको विस्तृत विवरण र महानगरपालिकाको संगठन संरचना समेत नगर सभाबाट स्वीकृत भएबमोजिम काम कारवाही भइरहेको छ । उच्च पदमा कार्यरत पदाधिकारी एवं कर्मचारीहरुको विवरण काठमाडौं महानगरपालिकाको वेबसाइट www.kathmandu.gov.npमा समेत राखिएको छ ।

## (४) निकायबाट प्रदान गरिने सेवाः

नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, संघ र वाग्मती प्रदेश कानून बमोजिम स्थानीय तह सम्बन्धी जारी गरिएका ऐन, नियम तथा समय समयमा जारी हुने परिपत्रहरु एवं महानगरपालिकको स्थानीय कानुनहरु (ऐन, नियमावली, कार्यविधी, निर्देशिका, मापदण्ड समेत), निर्णयहरु तथा काठमाडौं महानगरपालिकाको अविछिन्न अभ्यासहरुको अधीनमा रही स्थानीय सरकारको रुपमा सेवा, सुविधाहरु प्रदान गरिरहेको छ ।

## (५) सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारीः

यस महानगरपालिकाबाट सेवा सुविधा प्रवाह गर्न सचिवालयहरु, समितिहरु, विभागहरु, महाशाखाहरु, शाखाहरु, ३२ वटा वडा कार्यालयहरु, आयोजना, कार्यक्रम तथा अन्य कार्यालयहरु रहेका छन् । महानगरपालिकाको प्रमुख, उप-प्रमुख, प्रमुख प्रशासकीय अधिकृत, प्रवक्ता, सूचना अधिकारी, सहायक प्रवक्ता, विभागीय प्रमुख तथा जिम्मेवार पदमा कार्यरत अधिकारीको विवरण का.म.पा.को वेबसाइट www.kathmandu.gov.np मा उल्लेख गरिएको छ ।

## (६) सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधिः

यस महानगरपालिकाले प्रदान गर्ने विभिन्न प्रकारको सेवा सुविधामा लाग्ने शुल्क एवं कार्यमा लाग्ने समयावधी विवरण काठमाडौं महानगरपालिकाले हरेक आर्थिक वर्षका लागि नगर सभाबाट जारी हुने आर्थिक ऐन, नीति, कार्यक्रम बजेट, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, स्थानीय कानुन, नागरिक वडापत्र समेतबाट निर्धारण गरिन्छ । यस संवन्धी व्यवस्था काठमाडौं महानगरपलिकाको वेबसाइट www.kathmandu.gov.np मा समेत उल्लेख गरिएको छ ।

## (७) निर्णय गर्ने प्रक्रिया र अधिकारीः

यस महानगरपालिकाको नगर सभा, नगर कार्यपालिकाको बैठक, संघीय तथा प्रदेश कानुन र स्थानीय ऐन, नियमावली, कार्यविधि, निर्देशिका, मापदण्ड, प्रचलित अभ्यासहरु तथा समय समयमा हुने निर्णयहरुको अधिनमा रही प्रमुख, उप-प्रमुख, प्रमुख प्रशासकीय अधिकृत मार्फत निर्देशित कार्यसम्पादन गर्नका निमित्त नगर सभाबाट संगठन संरचना अनुसारको पदीय जिम्मेवारीमा रहने कर्मचारीहरुको कार्यविवरण स्पष्ट तोकिएको छ । महानगरपालिकाको नीतिगत निर्णय लिने, आवश्यक मार्गदर्शन दिने र कार्यालयबाट हुने काम कारवाहीलाई निरन्तर अनुगमन, नियन्त्रण गर्ने कार्य नगर सभा र नगर कार्यपालिकाको बैठकले गरेको निर्णय, अनुगमन समिति, शहरी योजना आयोग, अनुगमन तथा मुल्याङ्कन एकाई र अन्य संस्थागत संयन्त्रबाट समेत हुने गरेको छ ।

## (८) निर्णय उपर उजुरी सुन्ने अधिकारीः

यस महानगरपालिकाको काम कारवाही सम्बन्धमा सेवाग्राहीहरुको गुनासो तथा उजुरी सुन्नका लागि महानगरपालिकाको केन्द्रिय स्तरमा प्रमुख प्रशासकीय अधिकृतको संयोजकतत्वमा तीन सदस्यीय गुनासो सुनुवाई समितिको व्यवस्था गरिएको छ ।

## (९) सम्पादन गरेको कामको विवरणः

यस महानगरपालिका नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, संघ, प्रदेश र स्थानीय कानुनले तोकेबमोजिम स्थानीय सरकारको रुपमा महानगरपालिकाले गर्न सक्ने सम्पूर्ण काम कारवाहीहरु गर्दै आईरहेको छ ।

## (१०) कार्यालय प्रमुख र सूचना अधिकारीको नाम र पदः

कार्यालय प्रमुखको नाम : प्रदीप परियार

पद : प्रमुख प्रशासकीय अधिकृत

इमेल ठेगाना : ceo@kathmandu.gov.np

सम्पर्क नम्बर : ०१-४२३२८९२

सूचना अधिकारीको नाम : वसन्त आचार्य

पद : निर्देशक

सम्पर्क नम्बर : ९८५१०८७९३८

इमेल ठेगाना :rtikmc@gmail.com

: basantakmc@gmail.com

## (११) ऐन, नियम, विनियम, कार्यविधी वा निर्देशिकाको सूचीः

काठमाडौं महानगरपालिकासँग सम्बद्ध संघीय र प्रदेश कानुन बाहेकका स्थानीय ऐन, नियमावली, विनियम, कार्यविधी, मापदण्ड, दिग्दर्शन र निर्देशिकाहरुको परिपालना गरिरहेको छ । उक्त स्थानीय कानुनहरु स्थानीय राजपत्रमा प्रकाशन गरी यस्ता कानुनी प्रबन्धहरुको विस्तृत सूची काठमाडौं महानगरपालिकाको वेबसाइट www.kathmandu.gov.np मा हाम्रो कानुन नामक होमपेजमा राखिएको छ ।

## (१२) आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरण:

यस महानगरपालिकाको आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी विवरणहरु का.म.पा.को वेबसाइट www.kathmandu.gov.np मा राख्ने गरिएको छ । चालु आ.व. ०८०।०८१ को कात्तिक महिनाको १ गतेदेखि पौष मसान्तसम्ममा भएको आर्थिक कारोवारको विवरण यस प्रकार रहेको छ ।

आ.व. : २०८०/८१ अवधी : २०८०/०७/०१-२०८०/०९/२९

| SN | क्षेत्र/उप क्षेत्र | विनियोजन | खर्च | खर्च (%) | मौज्दात |
|---|---|---|---|---|---|
| १ | आर्थिक विकास | ७०,४२,९८,०००.०० | ३६,६५,८९१.२५ | ०.५२ | ७०,०६,३२,१०८.७५ |
| १ | कृषि | ३,२५,२५,०००.०० | ०.०० | ० | ३,२५,२५,०००.०० |
| २ | उद्योग | ३,०२,००,०००.०० | २२,२३,६६४.२५ | ७.३६ | २,७९,७६,३३५.७५ |
| ३ | पर्यटन | ३४,७३,७३,०००.०० | ४,८६,३३४.०० | ०.१४ | ३४,६८,८६,६६६.०० |
| ४ | सहकारी | ६०,००,०००.०० | ०.०० | ० | ६०,००,०००.०० |
| ५ | वित्तीय क्षेत्र | १८,२२,००,०००.०० | ४,५९,५२०.०० | ०.२५ | १८,१७,४०,४८०.०० |
| ६ | जलश्रोत तथा सिंचाई | २,१०,००,०००.०० | ०.०० | ० | २,१०,००,०००.०० |
| ७ | बन | ४५,००,०००.०० | ०.०० | ० | ४५,००,०००.०० |
| ८ | पशुपन्छी विकास | ७,९५,००,०००.०० | ४,९६,३७३.०० | ०.६२ | ७,९०,०३,६२७.०० |
| ९ | भूमि व्यवस्था | १०,००,०००.०० | ०.०० | ० | १०,००,०००.०० |
| २ | सामाजिक विकास | ५,१७,३८,०८,०००.०० | ३९,०३,२३,१६८.११ | ७.५४ | ४,७८,३४,८४,८३१.८९ |
| १ | शिक्षा | २,७२,७१,२५,०००.०० | २५,२४,६०,८५९.४३ | ९.२६ | २,४७,४६,६४,१४०.५७ |
| २ | स्वास्थ्य | १,१३,६८,५५,०००.०० | ५,३४,२२,४४२.५० | ४.७ | १,०८,३४,३२,५५७.५० |
| ३ | खानेपानी तथा सरसफाई | १५,८५,२२,०००.०० | ९५,३०,५८५.५१ | ६.०१ | १४,८९,९१,४१४.४९ |
| ४ | भाषा तथा संस्कृति | ४२,०२,१५,०००.०० | २,८४,४४,५०५.२७ | ६.७७ | ३९,१७,७०,४९४.७३ |
| ५ | लैंगिक समानता तथा सामाजिक समावेशीकरण | ३२,८०,५१,०००.०० | ३,११,१३,०७८.४१ | ९.४८ | २९,६९,३७,९२१.५९ |
| ६ | युवा तथा खेलकुद | १८,५३,००,०००.०० | ८४,१५,६२५.८० | ४.५४ | १७,६८,८४,३७४.२० |
| ७ | सामाजिक सुरक्षा तथा संरक्षण | २१,७७,४०,०००.०० | ६९,३६,०७१.१९ | ३.१९ | २१,०८,०३,९२८.८१ |
| ३ | पूर्वाधार विकास | ११,५३,७७,१६,७१२.२१ | ८३,०९,९८,८९०.९८ | ७.२ | १०,७०,६७,१७,८२१.२३ |
| १ | यातयात पूर्वाधार | ३,७५,५१,७४,०५४.८८ | १६,८८,४४,४८७.९६ | ४.५ | ३,५८,६३,२९,५६६.९२ |
| २ | भवन, आवास तथा सहरी विकास | ४,९७,९६,७२,१०५.०० | ५७,३५,४३,१९५.५१ | ११.५२ | ४,४०,६१,२८,९०९.४९ |
| ३ | उर्जा | ७,७१,१२,५००.०० | १,५६,६३,५१३.०३ | २०.३ | ६,१४,४८,९८६.९७ |

| | | | | | |
|---|---|---|---|---|---|
| ४ | संचार तथा सूचना प्रबिधि | ४,६४,००,०००.०० | ९,८२,४७८.५० | २.१२ | ४,५४,१७,५२१.५० |
| ५ | सम्पदा पूर्वाधार | २,३३,०७,०४,०५२.३३ | ४,२५,९८,०४७.५३ | १.८३ | २,२८,८१,०६,००४.८० |
| ६ | बिज्ञान तथा प्रबिधि | २,११,५५,०००.०० | १७,६८,७३०.०० | ८.३६ | १,९३,८६,२७०.०० |
| ७ | पुनर्निर्माण | ३२,७४,९९,०००.०० | २,७५,९८,४३८.४५ | ८.४३ | २९,९९,००,५६१.५५ |
| ४ | सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | ३,१७,८४,८५,६८०.७९ | २४,१९,२९,८३३.८८ | ७.६१ | २,९३,६५,५५,८४६.९१ |
| १ | वातावरण तथा जलवायु | १,३६,९०,००,०००.०० | ११,१६,३६,९०५.३२ | ८.१५ | १,२५,७३,६३,०९४.६८ |
| २ | विपद व्यवस्थापन | १५,४५,१५,६८०.७९ | ९४,१३,५००.४५ | ६.०९ | १४,५१,०२,१८०.३४ |
| ३ | मानब संशाधन विकास | ११,००,००,०००.०० | ९३,८९,९५७.९६ | ८.५३ | १०,०६,१०,०४२.०४ |
| ४ | शान्ति तथा सुव्यवस्था | ५८,२८,७०,०००.०० | ५५,८९,९९८.६६ | ०.९६ | ५७,७२,८०,००१.३४ |
| ५ | परराष्ट्र | १,६५,००,०००.०० | १,८१,३५०.०० | १.१ | १,६३,१८,६५०.०० |
| ६ | कानुन तथा न्याय | ३,७१,००,०००.०० | १०,४०,१६९.०० | २.८ | ३,६०,५९,८३१.०० |
| ७ | शासन प्रणाली | ५३,४८,००,०००.०० | ५,६५,५९,३८९.६९ | १०.५८ | ४७,८२,४०,६१०.३१ |
| ८ | तथ्यांक प्रणाली | ३७,००,०००.०० | १०,३२०.०० | ०.२८ | ३६,८९,६८०.०० |
| ९ | गरिबी निवारण | ६,६५,००,०००.०० | ०.०० | ० | ६,६५,००,०००.०० |
| १० | श्रम तथा रोजगारी | ४०,००,०००.०० | ०.०० | ० | ४०,००,०००.०० |
| ११ | योजना तर्जुमा र कार्यन्वयन | ३,०३,००,०००.०० | १०,६८,३३६.०० | ३.५३ | २,९२,३१,६६४.०० |
| १२ | अनुगमन तथा मूल्यांकन | १,२६,००,०००.०० | ०.०० | ० | १,२६,००,०००.०० |
| १३ | प्रशासकीय सुशासन | २५,१२,००,०००.०० | ४,५६,७४,७५३.८० | १८.१८ | २०,५५,२५,२४६.२० |
| १४ | वित्तीय सुशासन | ५४,००,०००.०० | १३,६५,१५३.०० | २५.२८ | ४०,३४,८४७.०० |
| ५ | कार्यालय सञ्चालन तथा प्रशासनिक | ३,४९,१४,१३,६०७.०० | ४१,०२,०५,४२५.०३ | ११.७५ | ३,०८,१२,०८,१८१.९७ |
| १ | कार्यालय सञ्चालन तथा प्रशासनिक | ३,४९,१४,१३,६०७.०० | ४१,०२,०५,४२५.०३ | ११.७५ | ३,०८,१२,०८,१८१.९७ |
| कुल जम्मा | | २४,०८,५७,२२,०००.०० | १,८७,७१,२३,२०९.२५ | ७.७९ | २२,२०,८५,९८,७९०.७५ |

## (१३) तोकिए बमोजिमको अन्य विवरण:

नियमानुसार तोकिए बमोजिमको अन्य विवरण समेत काठमाडौं महानगरपालिकाको वेबसाइट www.kathmandu.gov.np मा राखिएको छ ।

**(१४) अघिल्लो आर्थिक वर्षमा सार्वजनिक निकायले कुनै कार्यक्रम वा आयोजना सञ्चालन गरेको भए सोको विवरण ।**

यस महानगरपालिकाले हरेक आर्थिक वर्षको लागि नगर सभाबाट स्वीकृत बजेट नीति तथा कार्यक्रम बमोजिम समय समयमा विभिन्न प्रकारका महानगरपालिकाको क्षेत्राधिकारसँग सम्बन्धित कार्यक्रमहरु सञ्चालन गर्दै आएको छ ।

**(१५) सार्वजनिक निकायको वेबसाइट भए सोको विवरणः**

काठमाडौं महानगरपालिकासँग सम्बन्धित संक्षिप्त विवरण एवं सूचनाहरु जानकारीको लागी काठमाडौं महानगरपालिकाको आफ्नै वेबसाइट www.kathmandu.gov.np रहेको छ ।

**(१६) सार्वजनिक निकायले प्राप्त गरेको वैदेशिक सहायता, ऋण, अनुदान एवं प्राविधिक सहयोग र सम्झौता सम्बन्धी विवरणः**

नेपाल सरकार, बागमती प्रदेशबाट अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४, प्रचलित ऐन, नियममा तोकिए बमोजिम वैदेशिक सहायता, ऋण, अनुदान एवं प्राविधिक सहयोग र सम्झौता सम्बन्धी विस्तृत विवरण काठमाडौँ महानगरपालिकाको वेबसाइट www.kathmandu.gov.np रहेको छ ।

**(१७) सार्वजनिक निकायले सञ्चालन गरेको कार्यक्रम र सोको प्रगती प्रतिवेदनः**

महानगरपालिकाले सञ्चालन गरेका कार्यक्रमहरु आ.व.२०८०/०८१ को बजेट, नीति तथा कार्यक्रम अर्न्तगत रहेको छ । सोको प्रगति प्रतिवेदन का.म.पा. वेबसाइट www.kathmandu.gov.np रहेको छ ।

**(१८) सार्वजनिक निकायको वर्गीकरण तथा संरक्षण गरेको सूचनाको नामावली र त्यस्तो सूचना संरक्षण गर्न तोकिएको समयावधीः**

यस महानगरपालिकाको सम्पूर्ण सूचना, विवरण, तथ्याङ्क एवं आवश्यक दस्तावेजहरुको वर्गीकरण नगरेको र त्यस्ता सूचनाहरु महानगरपालिकाले प्रचलित ऐन, नियमानुसार सुरक्षित राख्ने गरिएको छ ।

**(१९) सार्वजनिक निकायमा परेका सूचना माग सम्बन्धी निवेदन र सो उपर सूचना दिएको विवरणः**

नेपाली नागरिक,सेवाग्राही एवं सरोकारवाला व्यक्तिहरुले महानगरपालिकासँग माग गरेको सूचना नियमानुसार उपलब्ध गराउने गरिएको छ । मिति २०८०।०७।०१ देखि मिति २०८०।०९।२९ गतेसम्ममा २१ जना देहायका निवेदकहरुलाई सूचना उपलब्ध गराइएको छ ।

| सि.नं. | सूचना माग गर्ने व्यक्ति | सूचनाको विषय | कैफियत |
|---|---|---|---|
| १ | गौरी गुरुङ | GLD क्षेत्राधिकार काठमाडौं महानगरपालिकासँग छ वा छैन, सडक खुलाउने वा फराकिलो विस्तार गर्ने वा कुनै पूर्वाधार निर्माण कार्य गर्ने योजना महानगरलाई छ वा छैन ? | सूचना उपलब्ध गराइएको |
| २ | सागर जोशी | आदेश कार्यान्वयन सम्बन्धमा (पाएको जवाफ चित्त नबुझेको महानगरबाट प्राप्त जवाफमा उल्लेखित प्रतिवेदनले घर जीर्ण भएको स्वीकार गरेपनि किन अहिले सम्म घर नभत्काएको बारे मौन रहेको र यसले समस्या किन निकासा नभएको । | सूचना उपलब्ध गराइएको |
| ३ | जयन्ति विक्रम राणा | माग भन्दा सूचना फरक आएको भनी निवेदन प्राप्त प्राप्त भएको । | सूचना उपलब्ध गराइएकोर राष्ट्रिय सूचना आयोगमा जानकारी दर्ता गराइएको । |
| ४ | जगन्नाथ लामिछाने र विजय गौतम | होटल रेष्टुरेन्टहरु अनुगमन कसरी गर्ने गरेको छ सोको मापदण्ड माग गरिएको । | सूचना उपलब्ध गराइएको |
| ५ | राम तपस्या कुमार साह | रुद्रमति नदीको सोतोपुल नजिकै घट्टेकुलो साइडतिर तथा बागमती, विष्णुमती, नख्खु आदि नदीको किनाराको विभिन्न ठाउँबाट तरल फोहर लगातार नदीमा नै बिसर्जन भइरहेको छ एकातर्फ देशको ठूलो धनराशी ढल पाइप तयार गर्न खर्च भएको र अर्को तर्फ तरल फोहर नदीमा नै जाने र नदीमा तरल फोहर नियन्त्रण नहुने अवस्था सृजना भएको देखिन्छ सो बारेमा पटक पटक सामाजिक अभियान्ताहरुले मागेको जानकारी गराउँदा पनि सुनुवाई भएको पाइएन सो बारेमा जानकारी पाउँ । | सूचना उपलब्ध गराइएको |
| ६ | सीमा तामाङ | सिसडोल ल्याण्डफिल साइटका लागि बजेट कहिले छुटायो र कति बजेट विनियोजन गरियो ? | सूचना उपलब्ध गराइएको |
| ७ | यदुनाथ बञ्जारा | सूचना अधिकारीको नाम पद र फोन नम्बर, जनप्रतिनिधिको सम्पत्ति विवरण बुझाएको छ/छैन र सुविधा भत्ता के कति रहेको छ, ४ पाङ्ग्रे सवारी साधनको विवरण र अघिल्लो वर्षको बेरुजु रकम के कति रहेको थियो ? | सूचना उपलब्ध गराइएको |
| ८ | इस्वरा तिवारी | स्मारिका सूचना प्रकाशन,क्यालेन्डर प्रकाशन गर्ने | सूचना उपलब्ध |

| | | | |
|---|---|---|---|
| | | भनी महानगरपालिकालाई कसैले रकम माग गरेको छ वा छैन वा महानगरले त्यस्तो कार्यको लागि कसैलाई रकम दिएको छ वा छैन, | गराइएको |
| ९ | निरोज महर्जन | साझा बससँगको अपाङ सम्झौता कस्तो छ र कस्तो वर्गको अपाङ्गले साझा बसमा निःशुल्क सवार गर्ने पाउने व्यवस्था सम्झौता पत्रमा रहेको छ । | सूचना उपलब्ध गराइएको |
| १० | शैलेशरत्न शाक्य | सामाखुशी खोलामाथि स्लाप ढलान हटाईसकेपछि अब त्यसको विकास निर्माण कसरी गर्ने, मुआब्जाको लागि के कस्तो व्यवस्था रहेको छ । | सूचना उपलब्ध गराइएको |
| ११ | मोनिका वाइबा | समता स्कुलले कहिले अनुमति/स्वीकृति लिएको जानकारी, स्कुलको भवनको नक्सा पास भएको छ/छैन, स्कुल यस महानगरमा अवस्थित भए देखेको सुचिकृत भएको विद्यार्थी संख्याको विवरण (वर्ष अनुसार ) | सूचना उपलब्ध गराइएको |
| १२ | विश्वनीति प्रकाशमान सिंह पाखिन (धनमाया तामाङ्ग (वारिसनामा) | सूचना तथा जानकारीको प्रमाणित प्रतिलिपि पाउँ भन्ने बारे (भवन निर्माण सम्बन्धी नक्सा पास सम्बन्धमा काठमाडौं महानगरमा दर्ता भएको निवेदनको के कस्तो कारवाही भइरहेको छ । | सूचना उपलब्ध गराइएको |
| १३ | रुक्शना कपाली | नेवा समुदायभित्र रहेको आधिकारिक सूचना छ वा छैन, नेवाः बस्तीको शहरी बनोट तथा यहाँको विशिष्कृत संरचनाहरुको आधिकारिक परिभाषा बुझ्न कुनै लिखत तयार भएको छ वा छैन ? | सूचना उपलब्ध गराइएको |
| १४ | शशि विक्रम कार्की | इ सँग भएको सम्झौता बमोजिम फुटपाथ व्यवसायीहरुको जफत गरिएको सामान फिर्ता गर्ने भनिएको के गरियो, फुटपाथ व्यापार व्यवस्थित गर्न उपयुक्त स्थानहरु पहिचान गर्ने सहमति भएको थियो छलफल भएको मिति बैठक र उपस्थिति उपलब्ध गराइदिनु होला । | सूचना उपलब्ध गराइएको |
| १५ | दुर्गा तिवारी/सरस्वती तिवारी | न्यायिक समितिमा बाल मनोविज्ञ र बाल सामाजिक कार्यकर्ता कतिजना हुनुहुन्छ? महानगर अन्तर्गत सिंहदरबार वरपर, बल्खुबाट कलंकी, कलंकीबाट बालाजु, महाराजगञ्ज, चावहिल, गौशाला, कोटेश्वर क्षेत्रको चक्रपथको मूल सडकमा सडक बत्ति कहिले राखिन्छ? ३२ वडाका सूचना अधिकारीहरुको नाम,नम्बर र इमेल ठेगाना । | सूचना उपलब्ध गराइएको |
| १६. | जयन्ति विक्रम राणा | जडोल क्षेत्रमा ह्युम पाइप राख्ने कार्य भएको भनिएकोमा कुन समिति रहेको छ, ढल निर्माण कार्य कसले गरेको छ ? | सूचना उपलब्ध गराइएको |

| | | | |
|---|---|---|---|
| १७. | मुन्नि भट्टको वा. प्रकाश ठाकुर | काठमाडौं महानगरपालिका वडा नं ४, धुम्वाराही आनन्दमय मार्गमा (मुस्तकीम मियाँ विपक्षी र मुन्नीभट्टसमेत पक्ष रहेको मुद्धामा) भवन सम्पन्नता प्रमाणपत्र के, कुन आधारमा लिएको हो सो सम्बन्धी सम्पूर्ण लिखत/कागजात) | सूचना उपलब्ध गराइएको |
| १८. | राजुप्रसाद चापागाई | फुटपाथ तथा सार्वजनिक स्थानमा व्यापार गर्ने व्यक्तिको सम्पत्ति जफतबारे सूचना पाऊँ | सूचना उपलब्ध गराइएको |
| १९. | रुक्शना कपाली | नेपालको संविधान, २०७२ जारी भईसकेपछि गठन भएका दुई नगरसभा तथा वडा सभा सदस्यहरुको नाम, थर खुल्ने नामावलीको प्रमाणित प्रतिलिपि पाऊँ । | सूचना उपलब्ध गराइएको |
| २०. | बसन्तकुमार श्रेष्ठ | सूचनाको हक बमोजिम त्यस कार्यालयबाट नेपाल रेडकस सोसाइटीको नविकरणका लागि जिल्ला प्रशासन कार्यालय काठमाडौंलाई सिफारिश गर्दाको निर्णय प्रतिलिपि तथा सिफारिशको प्रमाणीकृत छायाँकपी पाउँ भन्ने बारे । | सूचना उपलब्ध गराइएको |
| २१ | ईश्वर बहादुर विश्वकर्मा | नर्भिक इन्टरनेशनल हस्पिटलको परिसरमा निर्माण सम्पन्न भएका, हाल निर्माणधिन रहेको भवनको नक्सापास, डिजाइनको प्रमाणित प्रतिलिपि । | सूचना उपलब्ध गराइएको |

## २०) सार्वजनिक निकायका सूचनाहरु अन्यत्र प्रकाशन भएमा वा हुने भएको भए सोको विवरणः

महत्वपूर्ण सूचनाहरु राष्ट्रिय स्तरको दैनिक पत्रिकामा प्रकाशित गर्ने र त्यस्तो विवरण काठमाडौं महानगरपालिका वेबसाइट www.kathmandu.gov.np राख्ने गरिएको छ । मेट्रो एफ.एम., काठमाडौं महानगरपालिकाको बुलेटिन र नेपाल टेलिभिजनमा हाम्रो काठमाडौं र नेपाल मण्डल कार्यक्रम मार्फत समेत महानगरपालिका सम्बन्धी सूचना, तथ्याङ्क र गतिविधिहरु सार्वजनिक भैरहेका छन् ।